## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

बारबर्दिया नगरपालिकाद्वारा प्रकाशित

# बारबर्दिया राजपत्र

**भाग-२**

खण्डः ५ संख्याः ५ मितिः २०७८/१०/२३

# साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन कार्यविधि - २०७८

**कार्यपालिकाबाट स्वीकृत मिति: २०७८/१०/१० गते**

## खण्ड १. पृष्ठभूमि

बारबर्दिया नगरपालिका कृषि प्रधान क्षेत्र भईकन पनि यहाँको कृषि प्रणालीमा हालसम्म न्यून मात्रामा कृषि यन्त्र उपकरणहरुको प्रयोग र न्यून व्यवसायीकरण भएको पाईन्छ।९० प्रतिशत भन्दा बढी जनसंख्याको मुख्य पेशा कृषि रहेको यस नगरपालिकाको कृषि पेशालाई आधुनिकरण गरी व्यवसायीक एवम् प्रतिस्पर्धात्मक बनाउन कृषिमा यान्त्रिकरण र व्यवसायींकरण गर्न आवश्यक छ।युवा जनशक्ति विदेश पलायन हुनु तथा कृषि श्रमिक अन्य पेशामा संलग्न हुनुले कृषि मजदुरको अभाव एवम् मँहगीको कारणले कृषि उत्पादनमा लागत वृद्धि भई कृषि कार्य कम आकर्षित भएको पाईन्छ तसर्थ कृषि यन्त्र उपकरण प्रयोगमा प्रोत्साहन गर्नू अति आवश्यक छ।दिनानुदिन कृषि श्रमिक विदेशीई कृषि पेशा नै प्रभाबित भएको अबस्थामा यस पेशालाई आधुनिक, व्यवसायिक एवम् प्रतिस्पर्धी बनाउन र उत्पादन लागत घटाउन यस बारबर्दिया नगरपालिकाको आर्थिक बिकास समिति अन्तर्गत कृषि बिकास शाखाबाट कृषि उत्पादन सामाग्री र कृषि यन्त्र यान्त्रिकरणमा आंशिक अनुदानको ब्यबस्था गरेको छ ।यस ब्यबस्थाले कृषिमा यान्त्रिकरण र खेती योग्य जमिनको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्वमा वृद्धि हुनुको साथै उत्पादन लागत घटाई प्रति ईकाई क्षेत्रफलबाट आम्दानी बृद्धि भई यस क्षेत्रको समग्र आर्थिक बिकासमा योगदान गर्ने बिश्वास लिईएको छ।कृषकहरुलाई कृषि पेशामा प्रोत्साहन गर्न बार्षिक स्वीकृत कृषि बिकास कार्यक्रम अनुसार साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालनार्थ एवं भावी दिनहरुमा बारबर्दिया नगर क्षेत्रका कृषकहरुलाई कृषि उत्पादन सामाग्री, यन्त्र औजार उपकरण खरिदमा अनुदान दिई कृषकहरुलाई प्रोत्साहन गर्न वान्छनिय भएकोले आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ११४ र स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी, यो साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट ) विकास कार्यक्रम सञ्चालन कार्यविधि – २०७८ स्वीकृत गरी लागू गरिएको छ ।

## खण्ड २.संक्षिप्त नाम ,प्रारम्भ र परिभाषा

२.१ साना व्यवसायिक कृषि उत्पादन केन्द्र ( पकेट ) विकास कार्यक्रम संञ्चालन कार्यविधि - २०७८ रहेको छ ।

२.२ यो कार्यविधि स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२.३ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

क) "**पकेट**" भन्नाले राष्ट्रिय आवश्यकता र स्थानिय सम्भाव्यताका आधारमा सम्भावय बाली/बाली वस्तुमा न्यूनतम १० हेक्टरमा वा मौरी हकमा न्युनतम ५०० आधुनिक घारमा मौरीपालन गर्ने र कन्ये च्याउ खेतिको हकमा कन्ये च्याउको न्युनतम ५०० के.जि. बीउ उपयोग गरी खेति गरिएको हुनुपर्ने तथा तरकारीमा न्युनतम ५ हेक्टर क्षेत्रफलमा खेति गरिएको हुनुपर्दछ ।

ख) "**संचालन समिति**" भन्नाले सम्वन्धित पकेट संचालन समिति सम्झनु पर्दछ ।

ग ) "**अनुगमन समिति**" भन्नाले यसै कार्यविधिको दफा ४.२ को घ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

घ) "**अनुदान**" भन्नाले कृषक, कृषक समूह, कृषि उद्यमी/फर्म वा कृषक सहकारी, संघ, संस्था, समितिलाई स्वीकृत कार्यक्रम अनुरुप कृषि उत्पादन सामाग्री र कृषि यन्त्र खरिद मूल्यमा दिईने अनुदान सम्झनु पर्दछ ।

ङ) "**लाभग्राही**" भन्नाले अनुदानमा पकेट कार्यक्रम संचालन गर्न ईच्छुक कृषक वा कृषि ब्यवसाय गर्ने उद्देश्य लिई प्रचलित कानून बमोजिम स्थापना/दर्ता भएको कृषक समूह, कृषि उद्यमी/फर्म, कृषक सहकारी, संघ, संस्था, समिति, संञ्जाललाई जनाउँदछ ।

च) "**कृषक**" भन्नाले आफ्नो जीविकोपार्जनको लागि मुख्य पेशा कृषि अंगालेको कुनै एक प्राकृतिक व्यक्तिलाई सम्झनु पर्दछ ।

छ) "**कृषक समूह**" भन्नाले व्यवसायिक रुपमा कृषि गर्न कृषकहरु मिली सम्वन्धीत निकायमा दर्ता गरिएको कृषकहरुको समूहलाई जनाउने छ ।

ज) "**संघ/संस्था**" भन्नाले सहकारी ऐन २०४८ वा संस्था दर्ता ऐन २०३४ वा प्रचलित कानून वमोजिम कृषि पेशा व्यवसायलाई प्रवर्द्धन गर्ने उदेश्यले गठित संस्था, व्यवसायिक कृषिको लागि कम्पनी वा उद्योग वा घरेलुमा दर्ता भई संचालन भएको कम्पनी/उद्योग/फर्म तथा नियमानुसार दर्ता भएको समिति वा संजाल समेतलाई जनाउने छ ।

झ) "**नगरपालिका**" भन्नाले बारबर्दिया नगरपालिकालाई जनाउँदछ ।

ञ) "**शाखा**" भन्नाले बारबर्दिया नगरपालिका अन्तर्गतको कृषि बिकास शाखालाई जनाउँदछ ।

ट) "**वडा**" भन्नाले बारबर्दिया नगरपालिका अन्तर्गतका वडा कार्यसमितिको कार्यालयलाई जनाउँदछ ।

ठ) "**कार्यक्रम**" भन्नाले बारबर्दिया नगरपालिकाको बार्षिक स्वीकृत कार्यक्रमलाई जनाउँदछ ।

ड) "**वारेन्टी/ग्यारेन्टि**" भन्नाले कृषि यन्त्र आपूर्तिकर्ताले निश्चित अवधि/शर्त अन्तर्गत कृषि यन्त्र खरिदको साथमा लाभग्राहीलाई थप मूल्य नलिई उपलब्ध गराईने सेवा वा बिग्रीएको सामान साटने/फिर्ता गर्ने कार्यलाई जनाउदछ भने उक्त अर्थले सर्भिसिङ्ग, मर्मत आदि समेतलाई समेटदछ ।

ढ) "**समन्वय समिति**" भन्नाले नगरपालिकाको कृषकहरुको हक, हित, ब्यवसायीकताका लागी गठन भएको नगरस्तरिय कृषक समन्वय समितिलाई जनाउँदछ ।

ण) "**नगरपालिका कृषि व्यवसाय प्रवर्द्धन समिति**" भन्नाले नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७४ अनुसार गठन भएको समितिलाई जनाउँदछ ।

त) "**पर्चा/पम्प्लेट**" ( **Leaflet/Pamplet**) भन्नाले अनुदानमा दिइने औजार उपकरणहरुको बिस्तृत जानकारी सहीतको विवरण वा (**Leaflets/Catalog**) लाई जनाउँदछ ।

थ) "**प्राविधिक समिति**" भन्नाले यसै कार्यविधिको दफा ४.२ को ङ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

## खण्ड ३. उद्देश्य

कृषि क्षेत्रको आधुनिकीकरणमा योगदान पुर्याउने उद्देश्यले कृषि बाली/वस्तुहरुमा पकेट विकास गरी छनौट गरिएको बाली/ वस्तुहरुको उत्पादन र उत्पादकत्व वृद्धि तथा रोजगारी श्रृजना गरी कृषकहरुको आम्दानी वृद्धि गर्नु यस कार्यक्रम संञ्चालनको उद्देश्य रहेको छ ।

## खण्ड ४.पकेट निर्माण तथा छनौट प्रक्रिया

४.१ पकेट क्षेत्र निमार्णका लागी देहायका सेवा/सुविधा/पूर्वाधारहरु भएको हुनुपर्नेछ ।

क) सडकको तथा बजार सेवाको पहुँच भएको वा हुनसक्ने

ख) सिंचाईको उपलब्धता भएको वा हुनसक्ने

ग) विद्युतको उपलब्धता भएको वा हुनसक्ने

घ) तोकिएको क्षेत्रमा  चक्लाबन्दी भएको हुनसक्ने वा एउटै कोरिडोरमा रहेको

ङ) वित्तीय संस्थाहरुको पहुँच भएको वा हुनसक्ने

च) कषि विकास शाखा तथा कृषि सेवा केन्द्र सँगको पहुँच भएको

छ) सम्बन्धित सरकारी कार्यालयमा दर्ता भएको जग्गाधनि लालपुर्जा भएको जग्गामा मात्र संचालन गर्न सकिने

**४.२ माँग आवेदनहरुको छनौट** : पकेट सञ्चालन अनुदान प्राप्तिका लागी नगरपालिका/शाखामा दर्ता हुन आएका माँग आवेदनहरुको देहाय बमोजिम छनौट हुनेछ ।

क) माँग आवेदनहरुको शाखाले लिष्ट तयार गर्नेछ ।

ख) तयार लिष्टहरुको बारेमा समन्वय समितिको बैठकमा छलफल गरिनेछ ।

ग) व्यवसायीक कृषि पेशा अपनाएको, न्यून आयश्रोत भएको, कृषि यन्त्र उपकरण बढी भन्दा बढी परिचालन गर्नसक्ने, समूहमा आवद्धता, श्रृजनशिलता आदिको आधारमा पकेट सञ्चालनमा अनुदान प्रवाहको लागी स्वीकृत बजेट तथा स्वीकृत दररेटको आधारमा कृषक समुह/कृषि कार्यमा संलगन सहकारी /उद्यमीहरु /जल उपभोक्ता समितीहरु छनौट गरिनेछ ।

घ) आवेदकहरुको स्थलगत अनुगमन निरिक्षण गरी आवश्यकतानुसार प्रतिवेदन प्रस्तुत गर्न देहाय बमोजिम पकेट सञ्चालन अनुदान परिचालन छनौटका लागी अनुगमन समिति गठन गरी परिचालन गर्न सकिनेछ। उक्त समितिले लाभग्राहीको नामावली स्वीकृतीका लागी स्थलगत अनुगमन तथा प्रमाणिकरण गरी अनुसूची ४ अनुसारको छनौट मूल्याङ्कन मापदण्ड फारम पूर्ण रुपमा भरी प्राविधिक समिति समक्ष पेश गर्नु पर्नेछ ।

अ) **संयोजक,** समितिको तर्फबाट १ जना

आ) **सदस्य,** आर्थिक विकास शाखा प्रमुख

इ) **सदस्य,** समन्वय समितिको तर्फबाट १ जना

ई) **सदस्य,** कृषि शाखाको प्राविधिक १ जना

उ) **सदस्य सचिव,** कृषि विकास शाखाको प्रमुख

उपरोक्त समितिले आवश्यक ठानेमा वडा कार्यसमिति वा अन्यको सहयोग लिन सक्नेछ ।

**ङ) लाभग्राहीको अन्तिम छनौट :** अनुगमन समितिले पेश गरेको प्रतिवेदन/लिस्टको आधारमा पकेट सञ्चालन लाभग्राहीहरुको अन्तिम नामावली छनौट गर्नको लागी देहाय बमोजिमको प्राविधिक समिति रहने छ । समितिले आवश्यक ठानेमा नगरपालिका कृषि व्यवसाय प्रवर्द्धन समितिमा पेश गरी अनुमोदन गराउन सक्नेछ ।

अ) **संयोजक**, प्रमुख प्रशासकीय अधिकृत

आ) **सदस्य**, पशुसेवा शाखा प्रमुख वा प्रतिनीधि

इ) **सदस्य,** आर्थिक प्रशासन शाखा प्रमुख वा प्रतिनीधि

ई) **सदस्य,** योजना शाखा प्रमुख वा प्रतिनीधि

उ) **सदस्य सचिव,** कृषि विकास शाखा प्रमुख

ऊ) आवश्यकतानुसार आमन्त्रित सदस्य

छनौट समितिले बैकल्पिक लाभग्राहीहरु समेतको अन्तिम लिस्ट तयार गर्नेछ तोकिएको समयमा मुख्य लाभग्राहीले तोकिएको समय सिमा भित्र सम्झौता नगरेमा बैकल्पिक लाभग्राहीहरुलाई सम्झौता गर्न पत्राचार गरिनेछ ।

## खण्ड ५. पकेट संचालन प्रक्रिया

### ५.१ कार्यक्रम संचालन

कृषक, कृषक समुह/कृषि कार्यमा संलगन सहकारी /उद्यमीहरु /जल उपभोक्ता समितीबाट पकेट सञ्चालनका लागी देहाय बमोजिम माँग आवेदन संकलन गरिनेछ ।

शाखा/नगरपालिकाले पकेट सञ्चालनका लागी आवश्यकतानुसार ७ दिन देखि ३० दिनसम्मको समय दिई अनुदानमा पकेट माँग आवेदन सम्बन्धि अनुसूची ५ बमोजिमको सूचना जारी गर्नेछ । तोकिएको म्याद भित्र यथेस्ट माँग आवेदन प्राप्त हुन नसकेको खण्डमा पुनः सूचना जारी गरी माँग आवेदन संकलन गर्न सक्नेछ । शाखाले सूचना प्रवाह वडा कार्यालय, समन्वय समिति, मार्फत कृषकहरु समक्ष पुर्याउनेछ। साथै आवश्यकतानुसार संचार माध्यमबाट समेत सूचना प्रवाह गर्न सक्नेछ । तोकिएको म्याद भित्र नगरपालिकाका कृषक समुह/कृषि कार्यमा संलगन सहकारी /उद्यमीहरु /जल उपभोक्ता समितीहरुबाट अनुदानमा पकेट सञ्चालनको माँग गरी आवश्यक कागजात संलग्न राखी अनुसूची १ बमोजिम वा हस्त लिखित निवेदन, अनुसूची २ बमोजिमको आधारभुत तथ्यांङ्क फारम र अनुसूची ३ बमोजिमको अनुदानका लागि आवेदन फारम पुर्ण रुपमा भरी नगरपालिका/शाखामा दर्ता गर्नुपर्नेछ ।

## ५.२ पकेट संचालन समिति सम्बन्धी व्यवस्था

पकेट संचालनका सम्वन्धमा सम्वन्धित नगरपालिका कार्यालय वा कृषि विकास शाखासंग भएको सम्झौता बमोजिमका कार्यहरु संचालन गर्ने स्थापना भएको पकेट क्षेत्रको व्यवस्थापनका लागी सम्वन्धित कृषक समुह/सहकारी /कृषि उद्यमी/जल उपभोक्ता समितिहरुको प्रतिनिधित्व रहने गरी कम्तिमा ३३ प्रतिशत महिला सहितको ७ सदस्यीय पकेट संचालन समिति गठन गरिनेछ । यसको लागि पकेट क्षेत्र छनौट भएपछि पकेट भित्र रहेका कृषक समुह/सहकारी/कृषि उद्यमी/जल उपभोक्ता समितिहरुलाई पकेट संचालन समिति गठनको लागी ७ दिनको म्याद सहित पत्राचार, टेलिफोन वा अन्य स्थानीय संचार माध्यम मार्फत आह्वान गरिनेछ ।

क) कार्यदलको शिफारिस अनुसार एक भन्दा बढी आवेदनहरुलाई संयुक्त रुपमा समिति गठनको लागी समेत अनुरोध गर्न सकिनेछ । तोकिएको अवधिमा समिति गठन भई नआएमा कृषि विकास शाखाले सहजिकरण गरी ३ दिन भित्र समिति निर्माण गर्नमा सहयोग गर्नेछ ।

समितिको सदस्यहरु सम्बन्धित बाली/वस्तुको व्यवसायिक खेतिमा अनिवार्य संलग्न भएको हुनुपर्नेछ ।

ख) उक्त समितिमा अ) संयोजक-१ जना, आ) सचिव-१ जना इ) कोषाध्यक्ष-१ जना र बाँकी ४ जना सदस्य रहनेछन। पकेट संचालन समितिको प्रमुख कार्यकारी पदहरुमा कम्तिमा १ जना महिला अनिवार्य हुनुपर्नेछ ।

ग) कृषि विकास रणनीति (ADS) ले परिकल्पना गरे वमोजिमको सामुदायिक कृषि प्रसार सेवा केन्द्र प्रमुख वा प्रतिनीधि समितिको पदेन सदस्यको रुपमा रहनेछ ।

घ) स्थानिय तहको श्रोतबाट कार्यक्रमको प्रस्तावना तयार गर्दा र कार्य सम्पादन प्रतिवेदन तयार गर्दा निजको सहमति अनिवार्य रहनेछ ।

ङ) सम्बन्धित वडाको वडा अध्यक्ष उक्त पकेट सञ्चालन समितिको आमन्त्रित सदस्यको रुपमा रहनेछन ।

### ५.२.१ पकेट संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

क) पकेट संचालनका लागी आवश्यक उत्पादन सामाग्रीहरुको परिमाण, श्रोत र लागतको अनुमान गर्ने । बाली चक्रको लागी उत्पादन योजना सहितको प्रस्तावना तयार गर्ने ।

ख) कृषि विकास शाखाको समन्वयमा आवश्यक उत्पादन सामाग्रीहरुको व्यवस्थापन गर्ने ।

ग) पकेट क्षेत्रमा संचालन गरिने कार्यक्रम कार्यान्वयन गर्ने र आवश्येक समन्वयन गर्ने ।

घ) पकेटलाई व्यवस्थित रुपमा संचालनका लागी आधार तयार गर्ने, संलग्न कृषक समुह/सहकारी/जल उपभोक्ता समूह/कृषि उद्यमीहरु लगायत संग निरन्तर सम्वाद र सहकार्य गर्ने ।

ङ) मासिक रुपमा वडा कार्यालय मार्फत बारबर्दिया नगरपालिका, कृषि विकास शाखा कार्यालयमा प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

च) पकेट निर्माण, व्यवस्थापन, संचालन र अनुगमनका सन्दर्भमा अन्य सवै आवश्यक कार्यहरु गर्ने ।

छ) संचालक समितिको बैठक कम्तिमा महिनाको १ पटक अनिर्वाय रुपमा र आवश्यकता अनुसार अन्य समयमा समेत बस्न सकिनेछ । बैठकमा समिति बाहिरका सम्बन्धित प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

ज) पकेट संचालन सम्वन्धि आन्तरिक आचारसहिता (code of conduct) आवश्यक भएमा तयार गरि पालना गर्ने गराउने ।

झ) कार्यक्रमको दिगोपनाको लागी समितिको अवधि र समितिका पदाधिकारी तथा सदस्यहरुको पदावधी समितिले आवश्यकता अनुसार निर्धारण गर्नेछ तर समितिका पदाधिकारी र सदस्यहरुको पदावधी १ वर्ष भन्दा बढी हुने छैन । समितिले आवश्यक विनियम तयार गरि सोहि वमोजिम समितिका पदाधिकारी तथा सदस्यहरुको चयन गर्नेछ । समितिमा एकै परिवारबाट एक भन्दा बढी व्यक्ति, सार्वजनिक पद धारण गरेको व्यक्ती रहन सक्ने छैन र एकै व्यक्ती लगातार १ कार्यकाल भन्दा बढी एकै पदमा रहन सकने छैन तर सदस्यको हकमा यो व्यवस्था लागु हुनेछैन ।

ञ) समिति गठन भएको ६ महिना भित्र उक्त समिति नगरपालिका कृषि विकास शाखाले निर्धारित प्रकृया अनुरुप दर्ता हुनुपर्नेछ । उक्त समितिको नियमित नविकरण गर्ने जिम्मेवारी समितिको हुनेछ ।

ट) पकेट क्षेत्रमा संचालन हुने सम्पूर्ण क्रियाकलाप र आर्थिक कारोवार प्रचलित कानून वमोजिम व्यवस्थापन गर्ने तथा जिम्मेवारी बहन गर्ने ।

ठ) पकेट क्षेत्रमा उत्पादित वस्तुको मूल्य निर्धारण ,बजारीकरण ,प्रशोधन लगायतका क्रियाकलापहरुको मापदण्ड निर्धारण गरी व्यवस्थित गर्ने ।

ड) समिति मार्फत संचालन गरिने आर्थिक कारोवारहरुको लेखा व्यवस्थापन तथा लेखा परिक्षण प्रतिवेदन तयार गर्ने ।

ढ) पकेट क्षेत्रमा आवश्यक अन्य व्यवस्थापकिय कार्यहरु गर्ने ।

**५.३** बारबर्दिया नगरपालिकाबाट प्रदान गरिने वस्तुगत सहयोग सामान्यतया पकेट सुरु भएको १ वर्ष सम्मका लागी कायम रहनेछ । तर सम्बन्धित पकेट संचालन समितिले ३ वर्ष सम्म आफ्नै पहल एबम् स्रोतमा निरन्तरता दिनु पर्नेछ ।

## खण्ड ६.संचालन गरिने कार्यक्रम

६.१ पकेट स्तरमा परियोजना अभिमुखिकरण

६.२ चालु तथा पुँजीगत अनुदान कार्यक्रमहरु

**६.२.१ चालु अनुदान**

क) उत्पादन प्रविधि प्रर्दशन

ख) उत्पादन सामाग्री सहयोग

ग) अन्य कार्यक्रमहरु

### ६.२.२ पुँजीगत अनुदान

पुँजीगत अनुदान बापत प्रत्येक पकेटका लागी निश्चित बजेट विनियोजन गरिनेछ । विनियोजित बजेटको परिधि भित्र रहि पुँजीगत आवश्यकताका क्षेत्रहरु जस्तै मेसिनरी औजार, सिचाई पूर्वाधार निमार्ण तथा मर्मत सम्भार ,प्रारम्भिक प्रशोधन पूर्वाधारहरु (Threshing floor, storage house, collection center ) लगायतका पूर्वाधार विकासमा खर्च गर्न सकिनेछ ।

क) मेसिनरी औजारमा ५० प्रतिशत

ख) प्रयोगशाला सेवाहरुमा ५० प्रतिशत

ग) साना सिचाई पूर्वाधारमा ५० प्रतिशत

घ) उत्पादन समाग्री (विउ मल बिषादी सुक्ष्म खाद्य तत्व र आदी), उत्पादनोप्रान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरुमा बढीमा ५० प्रतिशत सम्मको अनुदान बारबर्दिया नगरपालिका तर्फबाट अनुदान उपलब्ध गराउन सकिनेछ र ५० प्रतिशत लाभग्राहीहरूको लागत सहभागीता समेत रहनेछ।

## खण्ड ७. कार्यक्रम अनुगमन/ प्रतिवेदन

नगरभित्र रहेका पकेट क्षेत्रहरुमा संचालित कार्यक्रमको अनुगमन सम्बन्धित कृषि विकास शाखा , बारबर्दिया नगरपालिका कार्यालय तथा सम्बन्धित वडा जनप्रतिनिधिको टोलीबाट संयुक्त अनुगमन गरिनेछ । अनुगमन गरि प्रतिवेदन तयार गरिनेछ ।

## खण्ड ८. विविध

**क)** यस कार्यविधीमा उल्लेख भएका वाहेक अन्य कुराहरु विद्यमान कृषि प्रसार नम्स, कार्यविधी , निर्देशिका र प्रचलित नियम कानून बमोजिम हुनेछ ।

**ख)** आगामी वर्षहरुमा थप हुने पकेट क्षेत्रको संख्या र पकेट मा रहने बाली/वस्तू सम्बन्धी अन्य विषयवस्तुहरु सम्बन्धित नगरपालिका कृषि व्वसाय प्रबर्द्धन समितिको निर्णय बमोजिम हुनेछ ।

**ग) कार्यविधिको परिमार्जन** : अनुगमन तथा मुल्यांकन र अनुभवको आधारमा नगर कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार पुनरावलोकन, संशोधन वा परिमार्जन गर्न सक्नेछ ।

**घ) अन्तिम ब्याख्या** : यस कार्यविधिको कार्यान्वयनमा द्धिविधा उत्पन्न भएमा नगरपालिकाले गरेको ब्याख्या अन्तिम हुने छ ।

**ङ) अनुसूची हेरफेर** : यस कार्यविधिका अनुसूचीहरु नगरपालिकाले हेरफेर गर्न सक्नेछ ।

**च) बचाउ तथा खारेजी** : नगर कार्यपालिकाले यो कार्यविधि खारेजी वा अन्य मनासिव कुरा बचाउ समेत गर्न सक्नेछ।

**अनुसूची-१**

पकेट मागका लागि आवेदन फारम (नमुना)

मितिः-..........................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बारबर्दिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जयनगर, बर्दिया ।

विषयः- पकेट स्थापना गरी पाउँ बारे।

प्रस्तुत विषयमा हामी तपसिल बमोजिमका कृषक समूह/कृषि सहकारी संस्था/जल/वन उपभोक्ता समिति/कृषि उद्यमीहरु यस बर्दिया जिल्लाको बारबर्दिया नगरपालिका भित्र कमाण्ड क्षेत्र रहने गरी साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) स्थापना गरी संचालन गर्न ईच्छुक भएकोले .................................... बाली/वस्तुको पकेट क्षेत्र निर्धारण गरी दिनु हुन यो निवेदन पेश गरेको छौ।

<u>निवेदन</u>

| क.स. | कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/कृषि उद्यमीको नाम | ठेगाना | सम्पर्क नं | अध्यक्ष/प्रोपाईटरको नाम | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

<u>निवेदन साथ संलग्न कागजातहरु</u>

१.सम्बन्धित निकायमा कृषक समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि
२.कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतानामा ।
३. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपि ।
४. कार्य समितिको निर्णयको प्रतिलिपि ।
५. स्थायी लेखा नम्बर प्रमाण पत्र तथा गत आ. व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि (निजि फर्म /कम्पनी /सहकारी/ कृषक समूह)
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
७. प्रस्तावक अनुदानग्राहीले सोही प्रकृतिको कार्यक्रममा विगत ३ वर्ष भित्र अनुदान नलिएको स्वघोषणा पत्र (अनुसूची ७)
८. जग्गा कर (तिरो) तिरेको रसिदको प्रतिलिपि ।
९. निर्माण गरिने भौतिक पूर्वाधार र सिचाइ पूर्वाधारको हकमा लागत अनुमान र नक्सा ।
१०. अनुसूची २ र ३ अनुसारको विवरण ।

## अनुसूची-२

## पकेट क्षेत्र मागको लागि आधारभूत तथ्याङ्क फारम

(१) प्रस्तावित पकेट विकास हुने बालीको नामः-

(२) प्रस्तावित पकेट विकास गरिने स्थानः-

(३) प्रस्तावित पकेट क्षेत्रमा परियोजना अन्तर्गत संचालन भै सकेका पकेटको विवरण

| पकेट संचालन भएको बाली/वस्तु | नगरपालिका | वडा नम्बर | पकेटको क्षेत्रफल (हेक्टर) | पकेट संचालनको अवधि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(४) प्रस्तावित पकेट क्षेत्र अन्तर्गत कार्यक्रममा समावेश हुन सक्ने घरधुरीहरुको विवरण

| नगरपालिका | वडा नम्बर | लक्षित कृषक घरधुरी संख्या |
|---|---|---|
| | | |
| | | |

(५) प्रस्तावित पकेट क्षेत्रमा समावेश हुने खेती योग्य जग्गाको विवरण

| जग्गाको किसिम | क्षेत्रफल हेक्टर | सिंचित हेक्टर | असिंचित (हेक्टर) | सिंचित भए सिँचाइको स्रोत |
|---|---|---|---|---|
| खेत | | | | |
| पाखो | | | | |
| बारी | | | | |
| जम्मा | | | | |

(६) प्रस्तावित पकेट संचालन क्षेत्रको प्रमुख बालीको हालको क्षेत्रफल,उत्पादन तथा उत्पादकत्व विवरण

| पकेट क्षेत्रको हालको प्रमुख बाली वस्तुहरु | कुल क्षेत्रफल हेक्टर/संख्या | उत्पादकत्व मे.टन/हेक्टर | कुल उत्पादन (मे.टन) | अनुमानित बिक्री परिमाण (मे.टन) |
|---|---|---|---|---|
| बहुवर्षी बाली | | | | |
| सिजनल बालीहरु | | | | |
| | | | | |
| पशुपालन | | | | |
| मत्स्यपालन | | | | |
| | | | | |
| | | | | |

(७) प्रस्तावित पकेट कार्यक्रमबाट प्राप्त हुने अपेक्षित उपलब्धिहरु (पकेट संचालन पश्चात प्राप्त हुने उपलब्धि विवरण उल्लेख गर्ने )

(क)फलफुल बगैचा

| जग्गाको क्षेत्रफल | जम्मा बोट संख्या | पूर्ण रुपमा उत्पादनशील बोट संख्या | आंशिक रुपमा उत्पादनशील बोट संख्या | जम्मा उत्पादन मे.टन | थप विस्तार हुने क्षेत्रफल(हेक्टर) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(ख)प्रस्तावित सिजनल बाली

| जग्गाको क्षेत्रफल | तोकिएको बालीले ढाक्ने क्षेत्रफल | उत्पादत्व(मे.टन)प्रति हेक्टर | जम्मा उत्पादन | थप विस्तार हुने क्षेत्रफल(हेक्टर) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(ग)प्रस्तावित पशुपालन

| पशुपालन | पशुधनको संख्या | प्रति पशुधन उत्पादन (दुध र मासु) | जम्मा उत्पादन | थप हुने पशुधन संख्या |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(घ) प्रस्तावित मत्स्यपालन

| माछाको जात | पोखरी संख्या | जलाशय क्षेत्रफल (हेक्टर) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हेक्टर) | थप हुने जलाशय क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(८)प्रस्तावित पकेटमा उल्लेख गरिएको बाली/वस्तुको प्राविधिक एवं भौगोलिक उपयुक्तता

-

(९)प्रस्तावित पकेट मा उल्लेख गरिएको बाली/वस्तुको बजारीकरणको सम्भावना

| प्रमुख बजार | उपलब्ध बजार पूर्वाधार | उत्पादनको बजारीकरण योजना |
| --- | --- | --- |
| | | |
| | | |

(१०)प्रस्तावित पकेट संचालन गर्न आवश्यक कृषि उत्पादनको सामाग्री उपलब्धताको स्रोत एवं अवस्था

| उत्पादन सामाग्री | उपलब्ध स्रोत |
| --- | --- |
| | |
| | |

(११)प्रस्तावित पकेट अन्तर्गतको बाली/वस्तुको उत्पादनको लागि आवश्यक कृषि पूर्वाधारहरुको उपलब्धता

-

(१२)प्रस्तावित पकेट क्षेत्र भित्र सामुहिक खेती वा क्लष्टर खेतीको हालको अवस्था एवं विस्तारको सम्भावना

(१३)प्रस्तावित पकेट कार्यान्वयनबाट थप हुन सक्ने रोजगारीका अवसरहरु

| आंशिक रोजगारी | पूर्णकालिन रोजगारी | दैनिक ज्यादारी |
| --- | --- | --- |
| | | |
| | | |

(१४)प्रस्तावित पकेट माग गर्नुका आधारहरु (न्युनतम क्षेत्रफल वा संख्या,सस्थागत क्षमता,आवेद संस्थाहरुको यहि प्रकृतिका कार्यक्रम संचालन गरेको अनुभव आदी)

(१५) प्रस्तावित पकेट र बाली/वस्तु छनौट गर्नाको पुष्टाई

(१६)प्रस्तावित पकेट माग गर्ने संस्थाको प्रोफाइल

(पकेट/ब्लक माग गर्ने संस्था एक भन्दा बढी भए यो प्रोफाइल क्रमश थप गर्दै जाने )

कृषि समूह/कृषि सहकारी/समिति र कृषि फर्मको नामः-
गठन भएको मितिः-
संस्थाको ठेगानाः-
तपाईको समूह/संस्था कुनै सरकारी संस्थामा आवद्ध छ भने सो संस्थाको
नामः-
दर्ता नं-

कृषि समूह/कृषि सहकारी/समिति र कृषि फर्म गठन खास उद्धेश्य के हो
मासिक बचत छ वा छैन यदि छ भने

(क) बैक..........................................

(ख) खाता नं........................................

कृषि समूह/कृषि सहकारी/समिति र कृषि फर्म कार्यान्वयनको प्रमाण

(क) निर्णय( )(ख) नगदी ( ) (ग) बैंक खाताको विवरण ( )

(घ) दर्ता प्रमाण पत्र ( ) ( ङ) अचल सम्पतिको स्वामित्वको प्रमाण पत्र ( )

जम्मा शेयर सदस्य संख्या

कृषि समूह/कृषि सहकारी/समिति र कृषि फर्मका सदस्यको विवरण

| क्र.स. | सदस्यको नाम | ठेगाना | खेती योग्य जमिन/पशु संख्या |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

नोटः १ यस अनुसूचीलाई पकेट प्रोफाइल प्रयोजनको लागि समेत प्रयोग गरिनेछ।

२.सम्बन्धित कार्यालयले आवश्यकता अनुसार बाली/वस्तु विशेषका लागि यस अनुसूचीलाई विस्तृतीकरण गर्न सक्नेछ।

## अनुसूची-३

## अनुदानका लागि आवेदन फारम

मितिः-

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बारबर्दिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जयनगर, बर्दिया ।

विषयः-.........................................................................................

प्रस्तुत विषयमा यस बाट मिति मा प्रकाशित सार्वजनिक सूचना बमोजिम आवश्यक कागजात सहित हाम्रो समूह/सहकारी/संस्था/समिति/कृषि फर्मका सदस्यहरुले कार्यक्रम अन्तर्गत क्रियाकलापहरुको नाम संचालन गर्न इच्छुक भएकोले सहभागी गराई दिनुहुन यो निवेदन पेश गरेको छु/छौं।

निवेदक

...............

| क्र.स. | कृषकको नाम | ठेगाना | पति/पत्नीको नाम | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

निवेदनसाथ संलग्न गर्नुपर्ने तथ्याङ्क फारामको ढाँचा

**भाग १ कृषि समूह/सहकारी/संस्था/समिति र कृषि फर्मको विवरण**

१.कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्मको नामः-

२.कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म गठन भएको मितिः-

३.कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्मको ठेगानाः-

४.तपाईको समूह/संस्थान कुनै सरकारी संस्थामा आवद्ध छ भने सो संस्थाको नाम............................................... दर्ता नं............

५.कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म कसरी गठन भएको हो कसको सहयोगमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म गठन भयो ................................................

६.कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म गठन खास उद्धेश्य के हो .....................................................

७.मासिक बचत छ वा छैन यदि छ भने कति ..........................

क)बैंक.................................................... ख) खाता नं

८.कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्मकार्यान्वयनको प्रमाण

क) निर्णय ( ) (ख)नगदी खाता ( ) (ग )बैंक खाताको विवरण ( )

घ) दर्ता प्रमाण पत्र ( ) (ङ)अचल सम्पतिको स्वामित्वको प्रमाण पत्र ( )

(च) अन्य भए खुलाउनुहोस.........................................................

(९) कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म सदस्यताको विवरण

| क्र.स. | सदस्यको नाम | लिङ्ग | पति/पत्नीको नाम | खेतीयोग्य जमिन/पशु संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**भाग २ प्रस्तावित क्रियाकलाप**

१.कार्यक्रमको शिर्षकः-

२.कार्यक्रमको पुर्ण विवरणः-

३.कार्यक्रमको महत्वः-

४.कार्यक्रम बाट हुने फाइदाः-

५.कार्यक्रम बाट स्थानिय अवसरहरुको कसरी प्रयोग हुन्छ

६. कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्मबाट यस्ता क्रियाकलापहरु कहिल्यै भएको छ वा छैन

क) छ ( ) (ख) छैन ( )

७.प्रस्तावित कार्यक्रम बाट सबै अथवा बाहुल्यता भएका समूह/सहकारी/संस्था/समिति सदस्य कसरी लाभाम्वित हुन्छ

८.वातावरणीय दृष्टिकोण बाट उपयुक्त भए/नभएको

**भाग ३ आर्थिक पक्ष**

१.प्रस्तावित कार्यक्रमको अनुमानित कुल लागत रु

२. कृषि समूह/सहकारी/संस्था/समिति/फर्मको आफ्नो योगदान रु

३. ................................................... कार्यालय बाट माग गरेको अनुदान रकम रु

४.प्रस्तावित कार्यक्रमको अनुमानित लागत विवरण

५.प्रस्तावित क्रियाकलाप कार्यान्वयन योजना

-आवश्यक सर-सामान कुन,कहाँ र कसरी छनौट गर्ने

-कस्तो प्रकारको सर-सामान को मार्फत प्राप्त गर्ने

-परियोजनाबाट उत्पादन हुने बाली/वस्तुको बजारीकरण कसरी हुने

-श्रम तथा श्रम लागत व्यवस्थापन कसरी गर्ने

-अन्य विवरण

**अनुसूची-४**

पकेट विकास कार्यक्रमका लाभग्राही छनौट मुल्याङकन मापदण्ड

| क.स. | सुचाङ्क आधार | अधिकतम सम्भाव्य अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| **अ.** | **प्रमुख मापदण्ड(६५)** | | |
| १ | कार्यक्रमको कमाण्ड क्षेत्रका लाभान्वित वर्ग (समूह/सहकारी/संस्था/समिति/फर्म आदि) | १० | |
| २ | प्रस्तावित कार्यले समेट्ने क्षेत्रफल/संख्या | १० | |
| ३ | सामाजिक एंव लैङ्गिक सहभागिता (महिला,पुरुष,दलित आदि) | १० | |
| ४ | प्रस्तावित कार्यले उत्पादन वृद्धि,प्रशोधन र बजारीकरणमा पुग्ने सहयोग | १५ | |
| ५ | प्रस्तावित कार्यले सृजना गर्ने रोजगारीको अवसर | १० | |
| ६ | प्रस्तावित बाली/वस्तुको भोगोलिक एवं प्राविधिक उपयुक्तता | १० | |
| **आ.** | **सहायक मापदण्ड(३५)** | | |
| १ | प्रस्तावको आवश्यक कागजातको प्रक्रिया पूरा भएको | ५ | |
| २ | समान प्रकृतिका अनुदान सहयोगको पहुँच नभएका समूह/सहकारी/संस्था/समिति/फर्महरु आदि | ५ | |
| ३ | सहभागी लक्षित वर्गको नगद वा वस्तुगत योगदान परिमाण र प्रतिवद्धता | ५ | |
| ४ | प्रस्तावित बाहेक परियोजनाबाट लाभान्वित हुन सक्ने अन्य (सहायक) लाभान्वित वर्गहरु | ५ | |
| ५ | प्रस्तावित कार्यको सृजनात्मकता एवम् नवीनता | ५ | |
| ६ | आवेदकको संस्थागत क्षमता तथा कार्य अनुभव | ५ | |
| ७ | प्रस्तावित कार्य कृषकको माग एवं आवश्यकता अनुरुप रहे/नरहेको | ५ | |

नोटः- कार्यक्रमको प्रकृति अनुरुप प्राविधिक समितिले मूल्याङ्कनको मापदण्ड आवश्यकता अनुसार परिमार्जन र विस्तृतीकरण एवं सहायक मापदण्ड बनाउन र सोही अनुसार मूल्याङ्कन गर्न सक्नेछ।

**चेकलिष्ट**

| क.स. | चेकलिष्ट | मापदण्ड पूरा गरेको | | |
|---|---|---|---|---|
| | | छ | छैन | सूचना छैन |
| १ | उद्धेश्य तथा अपेक्षित प्रतिफल (परिमाण र प्रतिफल)उल्लेख भएको छ | | | |
| २ | तोकिएको भौगोलिक क्षेत्रका लागि उपयुक्त छ | | | |
| ३ | आर्थिक रुपमा सवल छ लागत भन्दा लाभ बढी छ छैन | | | |
| ४ | समूह संस्थाले व्यवस्थापन गर्न सक्ने प्रकृतिको छ छैन दक्ष जनशक्तिको पर्याप्त मात्रामा संलग्नता छ छैन | | | |
| ५ | प्रस्तावित क्रियाकलापहरु अपेक्षित प्रतिफल प्राप्त गर्न पर्याप्त छन | | | |
| ६ | प्रस्तावित क्रियाकलापहरु उल्लेखित बजेट सीमा भित्र प्राप्त गर्न सकिने प्रकृतिका छन् | | | |
| ७ | प्रस्तावित क्रियाकलापहरु तोकिएको समय सीमा भित्र सम्पन्न गर्न सकिन्छ | | | |
| ८ | क्रियाकलाप संचालन कार्ययोजनाले संलग्न सबैमा बाँढिएको भूमिका प्रष्ट पारेको छ | | | |

| क्र.स. | चेकलिष्ट | मापदण्ड पूरा गरेको | | |
|---|---|---|---|---|
| | | छ | छैन | सूचना छैन |
| ९ | अन्य स्रोतबाट पनि बजेट विनियोजन भई दोहोरोपना नभएको बारे प्रष्ट पारेको छ | | | |
| १० | क्रियाकलाप संचालनमा आधारभूत स्रोत प्राप्त गर्न सक्ने पर्याप्त संभावना रहेको छ | | | |
| ११ | के प्रस्तावित कार्यक्रमले कुनैपनि सार्वजनिक स्थल जस्तै धार्मिक स्थल ,सार्वजनिक घर,खानेपानीको मुहान,चौतारा आदि लाई प्रतिस्थापन गर्ने अवस्था छ | | | |
| १२ | कुनै पनि अन्य गरिब,दलित र सीमान्तकृत समुदायको जीविकोपार्जनमा कुनै किसिमको नकारात्मक असर पर्ने संभावना रहेको छ | | | |
| १३ | के प्रस्तावित कार्यक्रम ले महिलाहरुको कार्यबोझ थप गर्ने संभावना रहेको छ | | | |
| १४ | कार्यान्वयनका कारणले समुदाय समुदायबीच विवाद आउने संभावना रहेको छ | | | |
| १५ | अरुले आर्जन गरेको सम्पति,उसको स्वईच्छाले बाहेक क्षति गर्ने कारण हुने संभावना रहेको छ | | | |
| १६ | पहिचान भएका सामाजिक वातावरणमा नकारात्मक असर न्यूनीकरण गर्न सामाजिक व्यवस्थापन योजना बनाएको छ | | | |
| १७ अन्य कैफियत यदि केहि भएमा | | | | |

स्थलगत निरीक्षण पश्चातको निर्णयः-

कार्यान्वयन गर्न उपयुक्त छैन भने के कारणले छैन कारण दिनुहोला
...........................................................................................................................

| निर्णय | चिन्ह (√)लगाउनुहोस |
|---|---|
| अहिले कै अवस्थामा कार्यान्वयन गर्न उपयुक्त छ | |
| वातावरणीय प्रमाणीकरण मापदण्डमा सफल भए अहिले कै अवस्थामा कार्यान्वयन गर्न उपयुक्त छ | |
| कार्यान्वयन गर्न उपयुक्त छैन। | |

कार्यक्रमको तुलनात्मक चित्ररेखा (नमुना)

निवेदन सूचना नं

| क्र.स. | प्रस्ताव पेश गर्ने | प्राप्ताङ्क | | जम्मा प्राप्ताङ्क १०० | कैफित |
|---|---|---|---|---|---|
| | | प्रमुख मापदण्ड(६५) | सहायक मापदण्ड (३५) | | |
| | | | | | |

नोटः-कोष्ठको अंकले अधिकृतम जनाउँछ।

प्राविधिक समितिका सदस्यहरुका नाम र दस्तखतः

| क्र.स. | नाम | दस्तखत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

| | | |
|---|---|---|
| | | |

आमन्त्रित सदस्यः-

प्रर्यवेक्षकः- मितिः-

**अनुसूची ५**

**सूचनाको ढाँचा**

बारबर्दिया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कृषि विकास शाखा

जयनगर, बर्दिया

सूचना प्रकाशित मिति :

आ.व. ................मा बारबर्दिया नगरपालिका अन्तरगत तपशिलका क्षेत्रहरुमा निम्न कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले इच्छुक कृषक समूह/ सहकारी/ जल/वन उपभोक्ता समिति/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ...... औं दिन भित्र अर्थात् (मिति ......गते भित्र) यस यस कार्यालयमा तोकिएको ढाँचा अनुसूची १ बमोजिम वा हस्त लिखित निवेदन, अनुसूची २ बमोजिमको आधारभुत तथ्यांङ्क फारम र अनुसूची ३ बमोजिमको अनुदानका लागि आवेदन फारम पुर्ण रुपमा भरी दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै यस विषयमा थप जानकारीका लागी कृषि विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

तपशिल

क. नगरपालिका : **......**

ख. कार्यक्रमहरू : **......**

**<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</u>**

१.सम्बन्धित निकायमा कृषक समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि

२.कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतानामा ।

३. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपि ।

४. कार्य समितिको निर्णयको प्रतिलिपि ।

५. स्थायी लेखा नम्बर प्रमाण पत्र तथा गत आ. व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि (निजि फर्म /कम्पनी /सहकारी/ कृषक समूह)

६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

७. प्रस्तावक अनुदानग्राहीले सोही प्रकृतिको कार्यक्रममा विगत ३ वर्ष भित्र अनुदान नलिएको स्वघोषणा पत्र (अनुसूची ७)

८. जग्गा कर (तिरो) तिरेको रसिदको प्रतिलिपि ।

९. निर्माण गरिने भौतिक पूर्वाधार र सिचाइ पूर्वाधारको हकमा लागत अनुमान र नक्सा ।

**अनुसूची-६**

**सम्झौता पत्र**

**बारबर्दिया नगरपालिका, साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) कार्यक्रम संचालनसँग सम्बन्धित सम्झौता पत्र**
**सूचना/सम्झौता नं ....**

मिति..............................

साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) कार्यक्रम संचालन कार्यविधि, २०७८ र प्राविधिक समितिको मिति ................... को निर्णय बमोजिम बारबर्दिया नगरपालिका अन्तर्गतको **...................................** कृषि फर्म/कृषक समूह/सहकारी/संस्था/वन/जल उपभोक्ता समिति( यस पछि दोस्रो पक्ष भनिने) र बारबर्दिया नगरपालिका यस पछि प्रथम पक्ष भनिने बीच देहाय बमोजिमको शर्त पालना गर्ने गरी यो सम्झौता-पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौं।

क **.............................** जोन/सुपरजोन अन्तर्गतको कृषि फर्म/कृषक समूह/सहकारी/वन/जल उपभोक्ता समिति बाट सम्झौता गर्ने आधिकारिक प्रतिनिधिः

१ नामः

२ प्रतिनिधत्व गर्ने समूह/सहकारीको नामः

३ ठेगानाः

ख परियोजना स्थलको विवरण

१ नगरपालिका

ग परियोजना कार्यान्वयन अवधि

१ सुरु हुने मितिः

२ सम्पन्न हुने मितिः

**२ परियोजना कार्यान्वयन इकाई अन्तर्गत संचालन हुने क्रियाकलाप सम्बन्धी विवरणः**

क कार्यक्रमको नामः

ख कार्यक्रमको किसिमः

ग कार्यक्रमको कूल लागत रु

घ कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुने

१ कृषक परिवार संख्या

२ जनसंख्याः

३ समुदायः

४ जनजाति

**३ सम्झौताका शर्तहरुः**

३.१यो सम्झौता पत्र साना व्यवसायीक कृषि उत्पादन केन्द्र पकेट कार्यक्रम कार्यान्वयन गर्न बारबर्दिया नगरपालिका अन्तर्गतको कृषि फर्म/कृषक समूह/सहकारी संस्था/वन/जल उपभोक्ता समिति र परियोजना कार्यान्वयन इकाई बीच स्थापना/सहयोग गर्ने प्रयोजननको लागि प्रयोग गरिनेछ। यस कृषि उद्यमी/कृषक समूह/सहकारी संस्थामा देहाय बमोजिम स्पेशिफिकेशन अनुसारको पूर्वाधार निर्माण/मेशिनरी उपकरण सामाग्री खरिद एवं व्यवस्थापन  गरिने छ।

| क्र.स. | मेशिन उपकरणको नाम | स्पेशिफिकेशन | मोडेल | परिमाण |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

३.२ सम्झौता पत्रमा हस्ताक्षर गरेको मिति देखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ।

३.३ दोस्रो पक्षले सम्झौतामा हस्ताक्षर भएपछि तत्काल काम शुरु गर्नु पर्नेछ।

३.४ दोस्रो पक्षले यस पकेट संचालनका लागि सम्झौता गरिएको क्रियाकलापहरुको लागतमा तोकिएको ५० प्रतिशतमा नगदै वा अन्य किसिमले सहभागिताको सुनिश्चित गर्नु पर्नेछ।

३.५ दोस्रो पक्षले यसै पकेटको लागि आफ्नै समुहको स्रोत बाहेक अन्य कुनै सरकारी,गैह्र सरकारी संघ संस्थाबाट सहयोग,अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा कृषि विकास शाखालाई जानकारी गराउनु पर्नेछ।

३.६दोस्रो पक्षले पकेट अन्तर्गत क्रियाकलापहरु संचालन गर्दा कृषि विकास शाखा वा सम्बन्धित प्राविधिकले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ।

३.७ दोस्रो पक्षले पकेट अन्तर्गत संचालन भएको क्रियाकलापहरुको कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित मात्र सम्झौता बमोजिमको अनुदान रकम भुक्तानी दिइनेछ। यसरी भुक्तानी पाउन दोस्रो पक्षले अनिवार्यरुपमा तोकिएको लागत साझेदारी प्रतिशत सहितको काम सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ।

३.८ यस पकेटको निर्माण/मेशिनरी उपकरण खरिद कार्य सम्झौता पत्रमा तोकिएको अवधि भित्र सम्पन्न गर्नुपर्नेछ।

३.९ प्रथम पक्षले सम्झौता बमोजिम खर्च रकमको बिल भरपाई सहितको कार्य सम्पन्न प्रतिवेदन दोस्रो पक्षबाट प्राप्त भए पश्चात रु .................।अक्षेरुपी ................................ रुपैया मा नबढ्ने गरी नियमानुसारको कन्टेन्जेसी र १.५ प्रतिशत अग्रिम कर कट्टा गरी दोस्रो पक्षलाई भुक्तानी उपलब्ध गराउने छ वा सम्झौता बमोजिमको पूर्वाधार निर्माणका लागि सामाग्री आपूर्तिकर्ता/मेशिनरी उपकरण आपूर्तिलाई सोझै भुक्तानी दिन सक्ने छ।दोस्रो पक्षले भुक्तानी पाउन अनिवार्य रुपमा विल विजक पेश गर्नु पर्नेछ।

३.१० दोस्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी सम्बन्धित .............................. कृषि फर्म/कृषक समूह/सहकारी संस्था/वन/जल उपभोक्ता समितिको हुनेछ।

३.११ दोस्रो पक्षले यो सम्झौता बमोजिमको सम्पूर्ण कामकारबाही व्यवसायिक योजना,डिजाईन,इष्टिमेट अनुसार सम्पन्न गरी परियोजना संचालनमा ल्याउनु पर्नेछ।

३.१२ दोस्रो पक्षले परियोजनाको निर्माण कार्यमा लागेको खर्च विवरणको सार्वजनिक सुनुवाई प्रथम पक्षको प्रतिनिधि र अन्य सरोकारवालाहरुको उपस्थितिमा गराउनु पर्नेछ।

३.१३ दोस्रो पक्षले पकेटको निर्माण कार्य शुरु गर्नुभन्दा पूर्व परियोजना निर्माण कार्य संचालन हुदै गरेको र पकेट सम्पन्न भईसके पछिको फोटोहरु अन्तिम भुक्तानीको लागि पेश गरिने वील भरपाईका साथमा अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ।

३.१४ दोस्रो पक्षले कृषि उत्पादन सहयोगका लागि लिएको अनुदान रकम पकेट निर्माण/मेसिनरी उपकरण खरिद कार्यमा प्रयोग नगरी हिनामिना भएको देखिएमा वा हेलचक्र्याईको कारणबाट पकेट बाट निर्माण गरिएको पूर्वाधारहरु/मेशिनरी उपकरणहरुको हानी नोक्सानी भएमा प्रचलित नियम कानुन बमोजिम दिइएको अनुदान रकम दोस्रो पक्षबाट असुल उपर गरिनेछ।

३.१५ बारबर्दिया नगरपालिका बाट निरीक्षणमा जाने प्राविधिक लाई निरीक्षण तथा अनुगमनमा दोस्रो पक्षले अनिवार्य रुपमा आवश्यक सहयोग गर्नु पर्नेछ।

३.१६ पकेट सम्पन्न भई हस्तान्तरण भई सकेपछि सोको मर्मत सम्भार सम्बन्धी कार्य दोस्रो पक्ष आफैले गर्नु पर्नेछ ।

३.१७ निर्माण कार्य अथवा यस सम्बन्धी दोस्रो पक्ष र प्रथम पक्ष बीच कुनै विवाद आएमा बारबर्दिया नगरपालिका, कृषि विकास शाखा को निर्णय अन्तिम हुनेछ।

३.१८ यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानून बमोजिम हुनेछ।

३.१९ दोस्रो पक्षले समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुनेछन्।

३.२० सम्झौताको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा प्रचलित कानून अनुसार हुनेछ।

३.२१ स्थानिय आवश्यकता अनुसार दुवै पक्षको सहमतिमा माथि उल्लेखित शर्तहरुमा फेरबदल गर्न सकिने छ।

३.२२ अन्य कुनै बुदाँमा थपघट गर्नु परेमा दुवै पक्षको आपसी समझदारीमा गरिने छ।

३.२३ संलग्न फारामहरु

(क) पकेटको स्वीकृत क्रियाकलापहरु र लागत अनुमान

(ख) पकेटबाट प्रत्यक्ष लाभान्वित हुने समूह/कृषकहरुको नामवाली विवरण

उपरोक्त बमोजिम कार्य गर्न मन्जुर छौ भनी दस्तखत गर्नेः

प्रथम पक्षको तर्फबाट

नाम थरः-

पदः-

दस्तखतः-

मितिः-

| साक्षी १ | साक्षी २ |
|---|---|
| नामः | नामः |
| पद | पद |
| दस्तखत | दस्तखत |

दोस्रो पक्षको तर्फबाट

| कृषि फर्म/कृषक समूह/सहकारी/वन/जल उपभोक्ता समितिबाट सम्झौता गर्ने आधिकारीक प्रतिनिधि |
|---|
| नाम |
| प्रतिनिधत्व गर्ने कृषि फर्म/कृषक समूह/सहकारी/वन/जल उपभोक्ता समितिको नाम |
| ठेगाना |
| दस्तखतः |
| संस्थाको छाँपः |

| साक्षी १ | साक्षी २ |
|---|---|
| नामः | नामः |
| पद | पद |
| दस्तखत | दस्तखत |

**अनुसूची ७**
**दोहोरो अनुदान नलिएको स्वघोषणा**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
बारबर्दिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जयनगर, बर्दिया ।

..........................................को आर्थिक वर्ष २०७.../ २०७.. स्वीकृत कार्यक्रम अनुसार नेपाल सरकार /प्रदेश सरकार/स्थानीय तह/ अन्य निकायबाट प्रदान गरिने रकम/समाग्री /उपकरण/अन्य वस्तु लिन इच्छुक रहेकोले रकम/ समाग्री /उपकरण/अन्य वस्तु मैले/हामीले/मेरो/हाम्रो एकाघरको परिवार/समूह/सहकारीले नलिएको स्वघोषणा गर्दछु/गर्दछौं । यदि मैले/हामीले/मेरो/हाम्रो एकाघरको परिवार/समूह/सहकारीले लिएको प्रमाणित भएमा मेरो वा हाम्रो वा संस्था वा समूह वा सहकारी वा कम्पनीको सम्पत्तीबाट नियमानुसार व्यक्तिगत / संस्थागत असुल उपर सरह भएमा मेरो/हाम्रो कुनै दावी रहने छैन ।

हस्ताक्षर ........................
नाम थर .........................
ठेगाना ..............................................
सम्पर्क नं............................
ना. प्र. नं...........................
इमेल .....................................

आज्ञाले:

महेन्द्रजङ्ग शाही

प्रमुख प्रशासकीय अधिकृत